

प्रिन्सलाई बिग बोस... पृष्ठ ६

लोकप्रिय राष्ट्रिय दैनिक

# राजधानी

ग्राहक प्रति

काठमाडौं, धरान र बुटवलबाट एकैसाथ प्रकाशित

लोकप्रिय राष्ट्रिय दैनिक
राजधानी
ग्राहक बन्नु परेमा
नवीकरण गर्नु परेमा
ठेगाना परिवर्तन भएमा
र पत्रिका नियमित नआए
सिधा सम्पर्क 5546300, Ext: 112, 108

काठमाडौं

। वर्ष १५, अंक २२५, काठमाडौं, सोमबार ११ माघ २०७२, नेपाल संवत् ११३६ । www.rajdhani.com.np । Email rajdhaninews@gmail.com । RAJDHANI Nepali National Daily । Kathmandu, Monday 25 January 2016 । पृष्ठ : ८ मूल्य रु. ५/-

## संशोधनप्रति भारत सकारात्मक

**काठमाडौं/रास-** छिमेकी मित्रराष्ट्र भारतले नेपालको संविधान संशोधनलाई सकारात्मक भएको टिप्पणी गरेको छ । भारतीय विदेश मन्त्रालयका प्रवक्ता विकास स्वरूपले आइतबार विज्ञप्ति जारी गर्दै संविधान संशोधन सकारात्मक भएको बताएका हुन् ।



'नेपालको संसद्ले शनिबार (हिजो) संविधानमा गरेको दुई ओटा संशोधनलाई हामीले सकारात्मक विकासका रूपमा लिएका छौं, अर्को एउटा महत्त्वपूर्ण विषय पनि यसैगरी सकारात्मक रूपमा सम्बोधन हुने हामीले अपेक्षा गरेका छौं,' विदेश मन्त्रालयको वेबसाइटमा लेखिएको छ । सो विज्ञप्तिमा संविधान संशोधनलाई स्वागत गरेको भन्ने शब्द भने उल्लेख गरिएको छैन ।

भारतले संविधान संशोधनमार्फत नेपालको आन्तरिक समस्याको निकास खोज्न सुझाव दिँदै आएको थियो । संविधानप्रति असन्तुष्टि जनाउँदै सीमा नाकामा धर्ना दिइरहेको संयुक्त लोकतान्त्रिक मधेसी मोर्चालगायत अन्य समूहको माग सम्बोधन गर्न शनिबार संविधानमा पहिलो संशोधन गरिएको हो । यद्यपि, संशोधनमा मोर्चाले असहमति जनाएको छ । मोर्चाको धर्नालाई देखाएर नाकाबन्दी गरिरहेको भारतले भने संविधान संशोधनलाई सकारात्मक विकास भनेको हो ।

पृष्ठ ५
वैज्ञानिकले गरे निद्रा ब्यूँताउने संयन्त्र आविष्कार




# दाताले फिर्ता मागे शान्ति कोषको २ अर्ब अनुदान

**शिव दुवाडी/राजधानी**
काठमाडौं, १० माघ

शान्ति कोषअन्तर्गतको (बास्केट फन्ड) मा जम्मा भएको रकम तोकिएको समयभित्र खर्च हुन नसकेपछि दातृ निकायहरूले सहयोग रकम फिर्ता माग्न थालेका छन् । सरकारसँग सन् २०१५ को डिसेम्बरसम्ममा सहयोग रकम खर्च गरिसक्ने सम्झौता गरेका ती दातृ निकायले सो अवधिभित्रमा खर्च नभएपछि सहयोग रकम नै फिर्ता मागेका हुन् ।

शान्ति मन्त्रालय उच्च स्रोतले राजधानीलाई दिएको जानकारीअनुसार स्विट्जरल्यान्ड, नर्वे र डेनमार्कले आफूले गरेको सहयोग रकम फिर्ता मागेका हुन् । उनीहरूले कोष सचिवालयसँग तोकिएको समयसीमाभित्र रकम खर्च हुन नसकेकाले खर्च हुन नसकेको सबै रकम फिर्ता मागेको मन्त्रालय स्रोतले बतायो ।

ती अधिकारीका अनुसार तिन देशले आफूले उपलब्ध गराएर पनि तोकिएको समयभित्र खर्च हुन नसकेको २ अर्ब रुपैयाँ फिर्ता मागेका हुन् । सो रकम उनीहरूले आफ्नै देशमा लैजान्छन् वा नेपालमा नै अर्को कुनै कार्यमा खर्च गर्छन् भन्ने विषयमा भने कुनै प्रस्ट नभएको मन्त्रालयले बताएको छ । सो मन्त्रालयका अनुसार रकम फिर्ता लिइसकेपश्चात् मात्रै उनीहरूले यस विषयमा निर्णय लिनेछन् ।

पूर्वअर्थ सचिव रामेश्वर खनालले सरकारले समयमा खर्च गर्न नसक्दा आएको रकम पनि गुम्ने अवस्था देखिएको बताए । 'सरकार र दाताहरूबिच भएको सहमति मुख्य कुरा हो,' उनले भने, 'सहमतिअनुसार तोकिएको समयमा खर्च गर्न नसकेपछि उनीहरूले आफ्नो पैसा फिर्ता माग्नु स्वाभाविकै हो ।' समयमा खर्च गर्न नसक्दा यस किसिमको अवस्था आउने गरेको उनको अनुभव छ ।

(बाँकी पृष्ठ २ मा)

# रामसपा अध्यक्ष पनि कांग्रेसको क्रियाशील सदस्य !

**भुवन शर्मा/राजधानी**
काठमाडौं, १० माघ

नेपाली कांग्रेसले राष्ट्रिय मधेस समाजवादी पार्टी (रामसपा) का अध्यक्ष शरतसिंह भण्डारीदेखि लिएर संघीय समाजवादी फोरम नेपालका केन्द्रीय सदस्य तथा पूर्वकृषि मन्त्री हरिनारायण यादवसम्मलाई पार्टीको क्रियाशील सदस्यका रूपमा कायम राखेको छ । कांग्रेस निर्वाचन समितिले पार्टीको वेबसाइटमार्फत सार्वजनिक गरेको क्रियाशील सदस्यको सूचीमा ११औं महाधिवेशनलगत्तै पार्टी परित्याग गरेका भण्डारीलगायतका पूर्वनेताहरूलाई समेत क्रियाशील सदस्यका रूपमा अद्यावधिक गरेको पाइएको हो ।

क्रियाशील सदस्य छानबिन समितिको लापरबाहीका कारण अर्कै पार्टीका अध्यक्षलाई समेत कांग्रेसको क्रियाशील सदस्यका रूपमा अद्यावधिक गरेर गम्भीर त्रुटि गरेको पाइएको छ । भण्डारीको महोत्तरी-६ र यादवको महोत्तरी-२ बाट क्रियाशील सदस्यको सूचीमा नाम रहेको छ । यसैगरी, २०७० सालको संविधानसभा निर्वाचनमा एकीकृत नेकपा माओवादीको तर्फबाट महोत्तरी-२ मा उम्मेदवार बनेका लालबाबु यादव र सोही पार्टीबाट उम्मेदवार बनेका रायजी हैदारलाई पनि कांग्रेसको क्रियाशील सदस्यका रूपमा अद्यावधिक गरिएको छ ।






क्रियाशील सदस्यताको सूचीमा महोत्तरी जिल्लामा सबैभन्दा बढी त्रुटि देखिएको छ । महोत्तरी-३ का महेश्वर सिंहको नाम पनि क्रियाशील सदस्यको सूचीमा रहेको छ । तर, उनको ६ वर्षअघि नै निधन भइसकेको छ । 'पाटीले सार्वजनिक गरेको क्रियाशील सदस्यताको सूचीमा शरतसिंह भण्डारी, हरिनारायण यादव, लालबाबु यादव लगायतका केही अर्कै पाटीका नेताहरू को नाम छ, जबकि उहाँहरू २०७० सालको संविधानसभा निर्वाचनमै अर्कै पार्टीबाट उम्मेदवार हुनुहुन्थ्यो,' महोत्तरी कांग्रेसका सभापति महेन्द्रकुमार यादवले राजधानीसँग भने । उनले यसबारे सदस्यता छानबिन समितिलाई जानकारी गराए पनि आइतबारसम्म पनि सूची नसच्चिएको गुनासो गरे । 'मैले छानबिन समितिका सदस्य रमेश लेखक र निर्वाचन समितिका अधिकारीहरूसँग भनिसकेको छु । उहाँहरूले सच्याउँछौं भन्नुभएको छ,' उनले भने ।

कांग्रेसले गठन गरेको केन्द्रीय निर्वाचन समितिका संयोजक राधेश्याम अधिकारीले क्रियाशील सदस्यताको सूचीमा केही त्रुटि रहेको बताउँदै त्रुटिहरू सच्याउने काम भइरहेको बताए । 'एक प्रतिशत त्रुटि छ, यो स्वाभाविक हो, सच्याउने काम भइरहेको छ,' अधिकारीले राजधानीसँग भने ।

महोत्तरी कांग्रेसका सभापति यादवले पार्टीका केन्द्रीय सदस्यहरूसँग पनि क्रियाशील सदस्यतको सूची सार्वजनिक भएदेखि नै सूचीमा देखिएका त्रुटिहरूबारे गुनासा गरिरहेका छन् । कांग्रेसले सार्वजनिक गरेको यस्तो सूची नसच्याए जिल्लामा कुनै पनि तहको अधिवेशन गर्न नसकिने चेतावनी उनले दिएका छन् । 'यो सूची सच्याइएन भने जिल्ला अधिवेशन हुन सक्दैन,' यादवले भने । महोत्तरीबाट प्रतिनिधित्व गरेका केन्द्रीय सदस्यहरूले पनि जिल्लामा क्रियाशील सदस्यता अद्यावधिक गर्दा गम्भीर त्रुटि भएको बताएका छन् ।

(बाँकी पृष्ठ २ मा)

## नयाँ शक्तिमा अटाएनन् युद्धकालीन नेता/कार्यकर्ता

**टेनिस रोका/राजधानी**
काठमाडौं, १० माघ

एमाओवादीका पूर्वउपाध्यक्ष डा. बाबुराम भट्टराईले आफ्नै नेतृत्वमा ३५ सदस्यीय अन्तरिम केन्द्रीय परिषद् गठन गरेका छन् । काठमाडौंमा आइतबार आयोजित विशेष कार्यक्रममा भट्टराई नेतृत्वको केन्द्रीय परिषद् घोषणा गरिएको हो ।

परिषद्मा अवकाश प्राप्त कर्मचारी, पूर्वप्रहरी अधिकारी, कलाकार तथा गैरसरकारी संस्थामा कार्यरत जनजाति नेतालाई समेटिए पनि युद्धकालीन नेताहरू अटाएका छैनन् । परिषद्ले गृहकार्य गरेर एक/दुई महिनामा नै राजनीतिक पार्टी घोषणा गर्ने र केन्द्रीय समिति २ सय ६५ सदस्यीय हुने उनले जानकारी दिए । परिषद्मा केही समयअगाडि मात्रै नेत्रविक्रम चन्द नेतृत्वको माओवादी छाडेर नयाँ शक्ति अभियानमा प्रवेश गरेका ठाकुरप्रसाद चापागाईं, गगनबहादुर थापा, तेजप्रसाद अधिकारी र वसन्त घर्ती मगर समावेश छैनन् । देवेन्द्र पौडेल, रामचन्द्र झा, मुमाराम खनाललाई भने परिषद्मा राखिएको छ ।

यस्तै, बाबुरामपत्नी हिसिला यमी, खिमलाल देवकोटालगायतका नेताहरूलाई परिषद् बाहिर नै राखिएको छ । कार्यक्रममा उद्योगपति विनोद चौधरी पनि सामेल थिए । तर, उनले आफू नयाँ शक्ति अभियानमा संलग्न नभएको भन्दै शुभकामना र बधाई दिन मात्र आएको बताए । भट्टराईले माओवादी आन्दोलनमा योगदान गरेका भन्दा पनि सरकारी तथा सामाजिक क्षेत्रमा योगदान गरेका व्यक्तिलाई अन्तरिम परिषद्मा सामेल गराएका छन् । अभिनेत्री करिश्मा मानन्धर, अभिनेता सरोज खनाल तथा चलचित्र निर्माता अशोक शर्मालाई बाबुरामले परिषद्मा समेटेका छन् । डाक्टरहरूमा केशवमान शाक्य, चैतन्य सुब्बा, जितेन्द्र महासेठ, प्रवीण मिश्र, मुक्ति रिजाल, राजेन्द्र केसी, रामकेवल शाह, सुरेन्द्र चौधरीलाई पनि बाबुरामले ३५ जनाभित्रै छानेका छन् ।

यस्तै, अवकाशप्राप्त एआईजी गणेश राई, नारायण पाण्डे र ऋषवदेव भट्टराई पनि भट्टराईको परिषद्मा सामेल छन् । भट्टराईले पूर्वसचिवहरूमा नथ्थुप्रसाद चौधरी, हरेराम कोइराला, रामेश्वर खनाल, प्रवीण मिश्रलाई केन्द्रीय परिषद्मा राखेका छन् । कृषिविद् मदन राई पनि भट्टराईको केन्द्रीय परिषद्मा छन् ।

(बाँकी पृष्ठ ३ मा)

## अन्योलमा भूकम्पपीडित

# बर्खा लागेपछि कसरी घर बनाउने ?



**दिनेश थापा/राजधानी**
सिन्धुपाल्चोक, १० माघ

सिन्धुपाल्चोक साँगाचोक-६ रानाथोकका हर्कबहादुर राना मगर भिन्न भई बसेको ३० वर्ष भयो । तर, उनको नाममा एक कित्ता पनि जग्गाजमिन छैन । सबै जग्गाजमिन दाजु दलबहादुर राना मगरको नाममा छ । मौखिक सहमतिमा जग्गाजमिन भागबन्डा लगाएका हर्कबहादुरले बन्डा पत्र भने गरेनन् । भूकम्पमा घर भत्कियो, जायजेथा सबै घरभित्रै पुरिए । यतिबेला अस्थायी टहरामा दुःखजिलो जीवनयापन गरिरहेका उनलाई पुनर्निर्माणका लागि सरकारी सहायता पाइँदैन कि भन्ने चिन्ता छ ।

लालपुर्जा भएकालाई मात्रै सरकारले २ लाख अनुदान र ३ लाख रुपैयाँ सामूहिक जमानीमा ऋण दिने भन्ने हल्ला चलेपछि हर्कबहादुर मात्र होइनन्, उनीजस्तै रानाथोकका भूकम्पपीडितहरू अन्योलमा बाँचिरहेका छन् ।

रानाथोककै रीता नेपालीको परिवार पनि छुट्टिएर बसेको १२ वर्ष भइसक्यो । गाउँका भद्र भलादमीलाई साक्षी राखेर जग्गाजमिन बाँडफाँट भए पनि बन्डा पत्र भने भएको छैन । घर बनाएर बस्न पैसा छैन, लालपुर्जा नभए सरकारले २ लाख पनि दिँदैन भन्ने हल्ला फैलिएपछि यतिबेला उनलाई चिन्ताले सताउन थालेको छ । 'लालपुर्जा भएकालाई मात्र सरकारले २ लाख दिने भन्ने सुनेको छु तर हामीसँग लालपुर्जा छैन,' रानाथोकमा आयोजित सामुदायिक छलफल कार्यक्रममा सहभागी रीता नेपालीले गाविस सचिव चेतनाथ हुमागाईंसँग गुनासो गरिन्, 'सचिवज्यू, लालपुर्जा नहुनेहरूले सरकारी अनुदान नपाउने हो ?'

रानाथोकका अर्का भूकम्पपीडित दिनेश राना मगर पनि भिन्न भई बसेको तिन वर्ष बितिसक्यो । बाबु तीर्थबहादुरले जग्गाजमिन मौखिक रूपमा तिन छोरालाई भागबन्डा त लगाए तर बन्डा पत्र गरिदिएका छैनन् । समाजका अगुवाहरूलाई साक्षी राखी मौखिक रूपमा अंशबन्डा गरे पनि बन्डा पत्र नहुँदा सरकारी सहायता पाइँदैन कि भन्ने चिन्ता छ दिनेशलाई । लालपुर्जाकै आधारमा सरकारी अनुदान पाउने हो भने उनले नपाउने पक्का छ । 'जग्गाजमिन बुबाकै नाममा छ, भिन्न भएको तिन वर्ष भइसक्यो,' आइतबार भूकम्पले भत्काएको घरको भग्नावशेष पन्छाइरहेका उनले भने, 'घर बनाउन सरकारकै भर परेर बसेको छु तर लालपुर्जा नहुनेले २ लाख अनुदान नै पाउँदैनन् भन्ने हल्ला सुनियो ।'

एकाउन्टेबिलिटी ल्याब, घुम्ती नागरिक सहायता कक्षसँगको समन्वयमा रेडियो मेलम्चीले साँगाचोकको रानाथोकमा गाविस सचिवलाई समुदायमा बोलाएर पीडितसँग सामुदायिक छलफल गर्‍यो । सरकारी सहायताका लागि लालपुर्जा चाहिन्छ भन्ने हल्लाले चिन्तित बनेका रानाथोकका पीडितहरूले त्यसबारे गाविस सचिव चेतनाथ हुमागाईंसँग जिज्ञासा राखे । सचिव हुमागाईंले यसबारे स्पष्ट कार्य निर्देशिका नआएको भन्दै पीडितलाई सरकारी सहायताका लागि लालपुर्जा चाहिने वा नचाहिने भन्ने प्रस्ट्याउन भने सकेनन् ।

(बाँकी पृष्ठ २ मा)



## छोटकरी

### 'निजामती सेवा ऐन लागू गरिछाड्छु'

**भक्तपुर / रास–** सामान्य प्रशासनमन्त्री रेखा शर्माले निजामती सेवा ऐन लागू गरिछाड्ने प्रतिबद्धता जनाएकी छन् ।

ऐन स्वीकार नगर्ने कर्मचारीलाई कारबाही गरेर भए पनि लागू गरिने प्रतिबद्धता जनाउँदै उनले आइतबार रफत सञ्चार क्लबद्वारा आयोजित साक्षात्कारमा भनिन्, 'मन्त्रालयमा सरुवा, बढुवा र काजमा जानका लागि व्यापक दबाब परेको छ, मैले त्यस्ता दबाबलाई सामान्य रूपमा लिएकी छु ।'

तत्कालीन सामान्य प्रशासनमन्त्री लालबाबु पण्डितले गरेका सकारात्मक काम कार्यान्वयन गरिने प्रस्ट पार्दै मन्त्री शर्माले कमी कमजोरी भएका विषय समीक्षा गर्दै लैनाने बताइन् । 'कर्मचारीतन्त्रमा जनचाहनाअनुसार काम हुन नसकेको' स्वीकार्दै उनले अन्य क्षेत्रजस्तै कर्मचारीतन्त्रमा पनि विकृति र विसंगति मौलाइरहेको उल्लेख गरिन् । 'त्यसको नियन्त्रणतर्फ मन्त्रालय अग्रसर रहेको छ,' उनले भनिन्, 'पार्टीले जनचाहनाअनुसार काम नगर्ने मन्त्रीलाई फिर्ता बोलाउने निर्णयले पार्टीका सबै मन्त्री सजक भएर काम गरिरहेका छन् ।'

### जलेर मृत्यु

**जनकपुरधाम / रास–** धनुषाको दुवरकोटमा आगो ताप्ने क्रममा जलेर एक महिलाको मृत्यु भएको छ। चोराकोयलपुरको दुवरकोटमा मानसिक सन्तुलन गुमाएकी ५० वर्षीया जिबछी यादवको जलेर मृत्यु भएको हो । आगो ताप्ने क्रममा अँगेनाबाट साडीमा आगो सल्किन गई शरीर जल्दा गम्भीर घाइते भएकी यादवको जनकपुर अञ्चल अस्पतालमा उपचारका क्रममा मृत्यु भएको छ ।

# सामुदायिक प्रहरीको संरचना फेरबदल हुँदै

**टपेन्द्र कार्की / राजधानी**
काठमाडौं, १० माघ

नेपाल प्रहरीले देशभरका सामुदायिक प्रहरीको संरचनामा फेरबदल गर्ने भएको छ। सामुदायिक प्रहरीको भूमिका निकै कमजोर र प्रहरी संगठनले अपेक्षा गरेअनुसार काम गर्न नसकेको भन्दै संरचनामा फेरबदल गरिन लागिएको हो ।

लामो अवधिसम्म अभ्यासरत सामुदायिक प्रहरी सेवा हालको परिस्थितिमा 'कति प्रभावकारी छ ?' भन्ने विषयमा आवधिक मूल्यांकन तथा विश्लेषण हुन नसकेबाट 'परिमार्जन र निरन्तरता सम्बन्धमा अपेक्षित कार्य हुन सकिरहेको' छैन भन्ने ठम्याइका आधारमा संरचनामा फेरबदल हुन लागेको हो ।

प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभागमा प्रहरी नायब महानिरीक्षक (डीआईजी) नवराज सिलवालका अनुसार सामाजिक अवस्था र परिस्थिति सधैं एकनास नहुने भएकाले त्यसको अवधारणा कार्यान्वयन गतिशील र समयसापेक्ष हुनुपर्छ ।

अवधारणा कार्यान्वयनको प्रत्यक्ष जिम्मेवारी लिएका अधिकृतको दक्षता, योग्यता तथा विषयवस्तुमा भएको ज्ञानले समेत प्रत्यक्ष प्रभाव पार्ने भएकाले त्यसैअनुसारको व्यवस्था गर्न लागिएको हो ।

'स्पष्ट अवधारणा, दक्ष जनशक्ति र समयसापेक्ष तालिम अभावले गर्दा सामुदायिक प्रहरी सेवा सामान्य जनचेतनामूलक गतिविधि सञ्चालनमै सीमित रहेको छ,' सिलवाल भन्छन्, 'यसलाई सामुदायिक प्रहरी सेवाजस्तो विशिष्ट पद्धतिलाई दस्तावेजमा मात्र नभई व्यवहारमा आदर्श सिद्धान्तका रूपमा लागू गर्नुपर्दछ ।'

उनका अनुसार सामुदायिक प्रहरीको काम 'चिया बोक्ने'जस्तो मात्र नभई जिम्मेवार प्रहरी कर्मचारी तथा समाजका विकृति रोक्नसमेत मद्दत गर्ने खाले हुनेछ। 'सामुदायिक सेवा केन्द्रका अध्यक्षका कर्मचारीजस्तो अल्छे प्रहरीको भूमिका भयो भने त्यसले समाजमा सकारामत्क प्रभाव पार्न सक्दैन,' विभागका डीआईजी सिलवाल भन्छन्, 'सामुदायिक प्रहरीको आफ्नै भूमिका रहनुपर्छ ।'

प्रहरी प्रवक्तासमेत रहेका डीआईजी कमलसिंह बमले स्थानीयस्तरमा रहेका संस्थासँग सहकार्य गरिरहेको सामुदायिक प्रहरी सेवा केन्द्रलाई आमनागरिकले अपनत्व ग्रहण गर्ने संरचना परिवर्तन गर्न लागिएको जानकारी दिए। उनका अनुसार राजनीतिक अवस्था पनि परिवर्तन भएकाले सामुदायिक प्रहरीको भूमिका अझ प्रभावकारी जिम्मेवार बनाउनुपर्ने भएकाले थप दक्षता हासिल गरेको जनशक्ति परिचालन गरिने छ। 'नागरिकको सामूहिक भावना समेटियोस् र प्रहरी भएको अनुभूति होस् भन्ने प्रधानकार्यालयको चाहाना हो,' सिंहले भने, 'त्यसैअनुसार भूमिका दिन सकिन्छ ।'

देशभर १ सय ८० सामुदायिक केन्द्र र ९६ ओटा शाखा छन्। जिल्ला प्रहरी कार्यालय र अञ्चल प्रहरी कार्यालयमा प्रहरी नायब निरीक्षक (सई)को कमान्डमा रहन्छ भने क्षेत्रमा प्रहरी निरीक्षकले कमान्ड गरेको छ। केन्द्रमा सामुदायिक सुरक्षा महाशाखा छ, त्यसलाई एसएसपीले कमान्ड गर्छ।

प्रहरी प्रवक्ता डीआईजी बमका अनुसार २ सय २७ जनाको दरबन्दी रहेको छ । 'जनता र प्रहरीबिचको सम्बन्ध सुदृढ गराउने उद्देश्यले सामुदायिक प्रहरी सेवा केन्द्रको अवधारणा ल्याइएको हो,' प्रवक्ता बमले भने ।

प्रहरीप्रतिको जनताको दृष्टिकोण नकारात्मक बन्दै गएपछि जनविश्वास जित्न जनतानजिक रहेर काम गर्ने उद्देश्यले सामुदायिक प्रहरी सेवा केन्द्र खुल्ने क्रम बढेको थियो। सामुदायिक प्रहरी सेवा केन्द्रमा राखिएका बोर्ड द्वन्द्वकालमा परिवर्तन गरी सामुदायिक सेवा केन्द्र मात्र लेखेको थियो ।

शान्ति प्रक्रिया थालनीपछि फेरि सामुदायिक प्रहरी सेवा केन्द्रको रूपमा देखिएको छ । केन्द्रका नाममा सानातिना समस्या मिले मिलाइदिने र नमिले कानुनी उपचारका लागि सरोकारवाला निकायमा जान सल्लाह दिनु हो ।

# सबै माग पूरा नभएसम्म आन्दोलन : मोर्चा

**विजय चाम्लिङ / राजधानी**
काठमाडौं, १० माघ

संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाले सीमांकनसहित सम्पूर्ण माग पूरा नभएसम्म आन्दोलन जारी राख्ने भएको छ ।

गत शनिबार मोर्चाको माग सम्बोधन गर्नका लागि संविधानको पहिलो संशोधन गरिए पनि त्यसले माग सम्बोधन नभएको मोर्चाले जनाएको छ । सद्भावना पार्टीका सहअध्यक्ष लक्ष्मणलाल कर्णले एकतर्फी रुपमा संविधान संशोधन गरिएको र त्यसले मोर्चाको माग सम्बोधन नभएको बताए । 'हिजो हाम्रो सहमतिविना जसरी जबरजस्ती संविधान ल्याइएको थियो अहिले ठीक त्यसैगरी संविधान संशोधन विधेयक पारित गरिएको छ,' कर्णले भने, 'यो संविधान संशोधनले हाम्रो कुनै माग सम्बोधन भएको छैन, आन्दोलन यथावत् रहन्छ ।'

संविधान घोषणा गर्नुअघिदेखि नै आन्दोलनमा उत्रिएको मधेसी मोर्चाको माग सम्बोधन गर्नका लागि प्रमुख तिन दलले संविधान संशोधन गरेका थिए । संशोधनपछि मोर्चाले उठाउँदै आएको ११ बुँदे मागमध्ये समानुपातिक समावेशी र जनसंख्याको आधारमा निर्वाचन क्षेत्र निर्धारण सम्बन्धी मुद्दा सम्बोधन भएको बताइएको छ ।

तर, मोर्चाले भने संविधान संशोधनले यी दुई विषयमा समेत गलत तरिकाले व्याख्या गरिएको जनाएको छ । कर्णका अनुसार समानुपातिक समावेशी सिद्धान्त लागू गर्ने क्लस्टर (समूह) अन्तरिम संविधानअनुसार ६ ओटा मात्रै हुनुपर्नेमा १५ ओटा क्लस्टर बनाइएको छ, जुन मोर्चाले अस्वीकार गरिसकेको छ ।

'क्लस्टर थप्ने नै भए थारू र मुस्लिमको थप्नुहोस् भनेका थियौं,' कर्णले भने, 'तर उहाँहरूले १५ ओटा क्लस्टर बनाउनुभयो, यो भनेको आदिवासी जनजाति, मधेसी, मुस्लिम, दलितलगायत समुदायको सहभागिता नगराउनका लागि रचिएको षड्यन्त्र हो ।'

जनसंख्याको आधारमा निर्वाचन क्षेत्र निर्धारणको मुद्दा पनि आफूले भने बमोजिम नभएको मोर्चाको भनाइ छ। उसले प्रदेशलाई नै भुगोल मानेर प्रदेशको जनसंख्याको आधारमा निर्वाचन क्षेत्र निर्धारण गर्नुपर्ने बताउँदै आएको छ ।

हाल संविधान संशोधन गरी प्रत्येक जिल्लामा एउटा निर्वाचन क्षेत्र रहने गरी जनसंख्याको आधारमा निर्वाचन क्षेत्र निर्धारण गरिने व्यवस्था संविधानमा गरिएको छ। 'बेग्लै पहिचान वा विशिष्ट भूगोल भएको जिल्ला वा क्षेत्रका लागि छुट्टै व्यवस्था गर्न नसकिने होइन,' कर्णले भने, 'तर जब एक जिल्लामा एक निर्वाचन क्षेत्र रहने भन्नेबित्तिकै जनसंख्याको आधारमा निर्वाचन क्षेत्र निर्धारण हुँदैन ।'

तराई मधेस सद्भावना पार्टीका वरिष्ठ नेता रामनरेश रायले सीमांकनसहितका माग सम्बोधन नभएसम्म आन्दोलन जारी राखिने बताए । 'सोमबार मोर्चा बैठक बस्छ, बैठकले पुरानो आन्दोलनका कार्यक्रम यथावत् राख्दै थप कार्यक्रम ल्याउनेछ,' आइतबार साँझ *राजधानी*सँग रायले भने, 'तिन दलले ल्याएको संविधान संशोधन विधेयकले हाम्रो माग सम्बोधन हुँदैन, यो कुरा हामीले पहिल्यैदेखि भन्दै आएका हौं ।'

# हटेन नाकामा धर्ना

**तुलसी भण्डारी / राजधानी**
वीरगन्ज, १० माघ

तराई मधेसमा आन्दोलनरत मधेसी दलको मागबामोजिम संविधान संशोधान भए पनि वीरगन्ज नाकामा धर्ना बसेका आन्दोलनकारी हटेका छैनन् ।

संविधान संशोधनपछि नाका खुल्ने अपेक्षा विपरीत आइतबार वीरगन्ज नाका थप कडा भएको छ । गत ७ असोजबाट नेपाल-भारत दसगजा क्षेत्रस्थित वीरगन्ज रक्सोलको मितेरी पुलमा नाकाजाम गरी बसेका मधेसी दलका कार्यकताले कांग्रेसको इच्छाअनुसार मात्र संविधान संशोधन भएको बताएका छन् । उनीहरूले संविधान संशोधनले आन्दोलनलाई नसमेटेको पनि बताएका छन् । आफैंले जारी गरेको संविधान आफैंले सच्याएर मधेसको आन्दोलनलाई उपेक्षा गरेकाले नाकाजामलगायतका कुनै पनि आन्दोलनका कार्यक्रम नरोकिने संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाका स्थानीय नेता तथा सद्भावना पार्टीका केन्द्रीय सदस्य नेजामुद्दिन समानीले राजधानीलाई बताए । 'हामी प्रत्येक दिन पालैपालो मोर्चामा आबद्ध दलको अगुवाइमा नाकाजाम गर्दै आएका छौं। आइबार राति पनि संघीय समाजवादी फोरम नेपालको अगुवाइमा रातभरि नाकाजाम हुन्छ,' उनले भने । अब मधेसमा आन्दोलनरत सबै दलसँग महागठबन्धन गरेर आन्दोलनलाई अझ सशक्त बनाउने नेता समानीले बताए ।

**विद्यालय पुनःबन्द**

ठुला तिन दल र सरकारले संविधान संशोधनपछि आन्दोलन रोकिन्छ भनी गरेको अपेक्षाविपरीत आइतबारदेखि तराई मधेसका शैक्षिक संस्था बन्द भएका छन् ।

मितेरीपुलस्थित नाकाजाम गरिएको ठाउँबाट पैदलयात्री साइकल र मोटरसाइकललाई मात्र आन्दोलनकारीले आवतजावत गर्न दिएका छन्। बाँकी कुनै पनि सवार साधनलाई आन्दोलनकारीले चल्न दिएका छैनन् ।

संविधानमा रहेका ठुला दलले फेरि मधेस आन्दोलनलाई उपेक्षा गरी अन्तर्राष्ट्रिय समुदालाई मात्र भुक्याउने काम गरेको उनीहरूको आरोप छ। 'हामी यस्तो षड्यन्त्रमा फस्नेवाला छैनौं,' नेपाल सद्भावना पार्टीका महासचिव शिव पटेलले भने, 'आन्दोलनका कुनै पनि कार्यक्रम रोकिँदैन ।'

# '२२ हजार कर्मचारी विदेशी गुप्तचरको एजेन्ट'

**भक्तपुर / रास–** नेपाल मजदुर किसान पार्टी अध्यक्ष नारायणमान बिजुक्छेले सरकारी कर्मचारी भएर विदेशी गुप्तचरको एजेन्टको काम गर्ने कर्मचारीलाई छानबिन गर्न माग गरेका छन् ।

देश र जनताका हितमा हुने निर्णय विफल बनाउन सरकारी कर्मचारीमा घुसेका गुप्तचरको हात रहेको बताउँदै बिजुक्छेले २२ हजार सरकारी कर्मचारी विदेशीको एजेन्ड भएर दुईतिर तलब खाइरहेको दावीसमेत गरे ।

पार्टीको ४२औं स्थापना दिवसको अवसरमा आइतबार भक्तपुरमा आयोजित कार्यक्रममा बिजुक्छेले विदेशीको दलाली गर्ने कर्मचारीलाई छानबिन गरी तत्काल बर्खास्त गर्नुपर्ने माग पनि गरे ।

'विदेशी एजेन्ट चिन्न नसके नेपालको सार्वभौमिकतामा गम्भीर चुनौती खडा हुनेछ,' उनले भने, 'मन्त्रीदेखि उच्च पदस्थ कर्मचारीले हिन्दुस्तानको दलाली गर्ने गरेका कारण त्यस्ता कर्मचारीलाई कारबाही हुन नसकेको हो ।'

विगतमा सरकारमा गएकाले आफ्नाभन्दा भारतको बुद्धिमा काम गर्दा देशमा संकट आएको उल्लेख गर्दै नेता बिजुक्छले 'भारतसँग मात्र इन्धन खरिद गर्नुपर्छ भनेर सम्झौता गर्नेहरू देश र जनताका शत्रु भएको' जिकिर पनि गरे ।

'नेपाल आयल निगमले २०१७ सालसम्म भारतीय आयल निगमसँग मात्र इन्धन खरिद गर्नेबारे त्यसबेलाका प्रधानमन्त्रीसमेतले हस्ताक्षर गर्दा भारतीय नाकाबन्दीको विकल्पमा अन्य मुलुकबाट इन्धन खरिद हुन नसकेको हो,' उनले भने, 'शनिबार संसद्बाट पारित संविधान संशोधन विधेयक देश र जनताको हितमा छैन, सुगौली सन्धिको नयाँ संस्कार त हुँदैन ? भन्ने खतरा पनि देखिएको छ ।'

जनसंख्याका आधारमा निर्वाचन क्षेत्र निर्धारण गर्दा देशको समानुपातिक विकास नहुने बताउँदै बिजुक्छेले नेपाल सिक्किमरणको खतरा रहेको समेत औंल्याए ।

### नयाँ शक्तिमा...

अन्य माओवादीलाई ३५ सदस्यीयमा सामेल नगराए पनि देवेन्द्र पौडेल र एमाले छाडेर एमाओवादी प्रवेश गरेका रामचन्द्र झा, मुमाराम खनाल परिषद्मा सामेल छन् ।

सामाजिक लोकतान्त्रिक पार्टीबाट आएका पासाङ शेर्पा, टीका गौतम, दलमर्दन कामी, विसन राई तथा नेपाल कम्युनिस्ट पार्टीबाट आएका तिलक थापा मगर, केशव दाहाल र डम्बर खतिवडा पनि परिषद्मा सामेल गराइएका छन् ।

कमला हेम्चुरी, टीका गौचन, दलमर्दन कामी, मनप्रसाद सुनुवार, मोहनी महर्जन, लिली थापा पनि बाबुरामको केन्द्रीय परिषद् सदस्यमा सामेल छन् ।



## सम्पादकीय

# संशोधनपछिका कार्यभार

जारी भएको ४ महिना ६ दिनमा शनिबार राति नेपालको संविधान संशोधन भएको छ । संविधान जारी भएसँगै सुरु भएको मधेसकेन्द्रित चार राजनीतिक दलको आन्दोलनको जगमा भएको संविधान संशोधनमा उनीहरू सहमत हुन सकेनन् । यद्यपि उनीहरूले उठाएका मूलभूत विषय र मागलाई संसोधनले समेटेको छ । यस अर्थमा यो संशोधन आन्दोलनरत पक्षका लागि उपलब्धि र जितको विषय हो । त्यसैगरी, समावेशीकरणमा अर्को एउटा सफलता पनि । प्रमुख प्रतिपक्षी दलसहित संविधान जारी गर्ने शक्तिहरूकै मात्र सहभागितामा भए पनि यो संशोधनले मधेसी दलले उठाउँदै आएको एजेन्डालाई स्थापित गर्ने कार्य गरेको छ। यस अर्थमा अब संविधान कार्यान्वयन गर्न र मधेसकेन्द्रित दललाई आन्दोलनको सुरक्षित अवतरण गर्न पनि बल नै पुग्नेछ ।

राजनीतिमा सबै एजेन्डा स्थापित हुन्छन् भन्ने हुँदैन । यो लिने, दिने र पाउने स्वाभाविक प्रक्रियाअन्तर्गत हुन्छ । संशोधनमा आन्दोलनरत दल सहभागी नभए पनि उनीहरूले उठाएका मुख्य विषय समेटिएका छन् । जहाँसम्म संघीय राज्य सीमांकनको विषय उठाइएको छ, त्यो तत्काल र एकैपटक टुंगिने विषय ठान्नुहुन्न। छिमेकी मुलुक भारतमै पनि संघीय अभ्यास सुरु हुँदा १३ प्रदेश थिए । हाल त्यो संख्या २९ पुगेको छ । हामी संघीयताको शिशु चरणमा छौं । विगतमा प्रशस्त छलफल भएनन् भन्ने एउटा तर्क सही होला तर संघीय आयोगमार्फत अन्तिम सीमांकन टुंगो गर्ने विषयले नक्सा विवाद बन्नुहुन्न र बनाइनुहुन्न भन्ने मूलभूत विषय हो । यसमा मोर्चाको सकारात्मक र रचनात्मक सहयोग हुनुपर्छ । कुनै पनि मुलुकमा संघीय राज्य सुरुमै पूर्ण भएका छैनन्। भारतदेखि अमेरिकासम्मको इतिहास यही भन्छ । अब चार महिना लामो कष्टपूर्ण आन्दोलन हामीले झेलिसकेका छौं। जसका लागि आन्दोलन गरियो, ती पनि कष्टमै छन्, अझ बढी कष्टमा छन् । त्यसैले अब फेरि माग पूरा नभएको या सन्तुष्ट नभएको बहानामा मुलुकलाई थप आन्दोलनतर्फ धकेल्ने भन्दा प्राप्त उपलब्धि संस्थागत गरी थप अधिकारको पक्षमा वकालत गर्नु बुद्धिमानी हुन्छ ।

संघीयताको सिमाना सहमतिमा गाभिने र थपिने स्वाभाविक प्रक्रिया हो, जसलाई समयले निर्धारण गर्छ। संशोधनले हरेक ठाउँमा समावेशी समानुपातिकको थप ग्यारेन्टी गरेको छ । यसलाई कार्यान्वयन गर्न सके यही नै काफी छ । निर्वाचन क्षेत्र निर्धारणमा जुन विधि अपनाइयो, यसले तराई होइन बरु पहाड र हिमाल नै बढी पीडित बन्न सक्छन्। यसको अर्थ हिमाल र पहाड असन्तुष्टि जनाउ भन्ने नभई तराई/मधेस थप समृद्ध बन्ने आधार खडा भएको छ। पछिल्लो सहमतिलाई सशक्त कार्यान्वयनमा खबरदारी गर्दै मोर्चाले अब आन्दोलन फिर्ता लिएर दबाबका अन्य रणनीति अपनाउनुपर्छ ।

# दाउपेच र चलखेलमा केन्द्रित राजनीति



■ श्यामप्रसाद मैनाली

राजनीति राष्ट्र, राष्ट्रियता, प्रजातन्त्र, विकास र जनताका लागि गरिनुपर्ने हो । तर, नेपालको राजनीति सत्ता प्राप्त गरी व्यक्तिगत अभीष्ट पूरा गर्नमा मात्रै केन्द्रित भएको पाइन्छ। नेपाल राज्यमा हालको समयसम्म आइपुग्दा देश र देशवासीका लागि राजनीति गर्ने सरकारको अनुभूति गर्न सकिएन । व्यक्ति-व्यक्तिबिच व्यक्तित्वको टकरावदेखि अस्वस्थ दलीय प्रतिस्पर्धामा मात्र नेपालको राजनीतिले निरन्तरता प्राप्त गरिराखेको छ। यही कारणले गर्दा हामी धेरै पछाडि परेका छौं । आफ्नो इतिहासमा कहिल्यै पराधीन र उपनिवेशको रूपमा रहनु नपरेको सैद्धान्तिक अभिव्यक्ति दिएर हामी नेपालीहरूले चित्त बुझाउनु परिराखेको छ । यस अर्थमा नेपालको राजनीतिले कहिल्यै सही दिशा पक्रन सकेन ।

राजनीतिक इतिहासलाई विश्लेषण गर्दा जंगबहादुरको षड्यन्त्रमा सम्पन्न कोतपर्व होस् वा त्रिभुवनले भारतका शरणमा आफैंलाई गरेको प्रस्तुति यी दुवै खेलमा राजाको अधिकार राणाहरूले बलात् कब्जा गर्ने र त्यो शक्ति पुनः नेपालको राजतन्त्रले प्राप्त गर्नेबाहेक अन्य कुनै पनि प्रकारको उपादेयता प्रमाणित हुन सकेन । राजा त्रिभुवनले जनताद्वारा निर्वाचित विधानसभाबाट जनताले नयाँ संविधान पाउने उद्घोष त गरे तर त्यसको कार्यान्वयन गर्दा निरपेक्ष राजतन्त्र संवैधानिक बन्नुपर्ने राजतन्त्र भन्दा जनता बलियो हुने अवस्था प्रस्ट देखिँदा नेपालको दरबारले त्यसतर्फ आफ्नो चासो कहिल्यै देखाएन । संयोग नै भन्नुपर्छ, नेपालमा राजतन्त्रको अवसानपछि मात्रै नेपालीले आफैंले निर्माण गरेको संविधान प्राप्त गरे । राजा त्रिभुवनले २००७ सालदेखि २०११ सालसम्म चार वर्ष राष्ट्रलाई यथास्थितिमा राखे । त्यसपछि राजा महेन्द्रले राजतन्त्रलाई अत्यन्त ज्यादा शक्तिशाली बनाउने एक मात्र उद्देश्यका साथ अघि बढ्दै गर्दा संविधानसभाका लागि गर्नुपर्ने निर्वाचन संसद्को लागि गर्ने र निर्वाचित संसद्लाई भंग गरी जनताका प्रतिनिधिलाई कारावासको सजाय दिने काम गरे । उनले तत्कालीन जननिर्वाचित पहिलो प्रधानमन्त्रीसँग व्यक्तिगत टक्करको अवस्था सिर्जना गर्दै जननिर्वाचित सरकारलाई अपदस्थ गर्न देशभित्र र देशबाहिर अनुकूल वातावरण बनाउनमा केही समय खर्च गरे। साम्यवादी शासन प्रणाली अवलम्बन गरेको चीनलाई विश्व शक्तिले समर्थन गर्न जाँगर नदेखाइराखेको अवस्थामा चीनसँग दौत्य सम्बन्ध कायम गर्ने निर्णय लिई उत्तरतर्फको छिमेकीको समर्थन व्यक्तिगत रूपमा राजा महेन्द्रले प्राप्त गर्ने अवसर लिए । दक्षिणतर्फको छिमेकीसँग गण्डक योजनाको भैंसालोटनमा शिलान्यास सकिएपछि भारतका प्रधानमन्त्रीसँग एक्लाएक्लै दुई पक्षीय वार्ता गरी राजा महेन्द्र दुवै छिमेकीलाई समन्वय गर्दै आफ्नो पक्षमा राख्न सफल भए । यही बिन्दुबाट नेपालको नवोदित प्रजातन्त्रविरुद्ध कालो बादल मडारिन प्रारम्भ भयो । प्रजातन्त्र समाप्त पारी निरंकुश पञ्चायती व्यवस्थामार्फत अप्रत्यक्ष रूपमा निर्वाचित राष्ट्रिय पञ्चायतलाई समेत परामर्श दातृ निकायका रूपमा स्थापित गर्दै एकछत्र रूपमा निरपेक्ष राजतन्त्रले तानाशाही तन्त्र चलाउन सफल भई अकन्टक ३० वर्षसम्म एकलौटी परिवारवाद लाद्न सफल भयो । व्यक्तिगत रूपमा यो घटनाक्रमका आधारमा सञ्चालित नेपालको राज्य व्यवस्थालाई राजा महेन्द्रको व्यक्तिगत चातुर्य र गतिशीलताको चरम दुरुपयोगका रूपमा लिनेहरूको संख्या मनग्गे पाइन्छ । यदि यो क्षमतालाई राष्ट्र, राष्ट्रवादी, राष्ट्रियता र प्रजातन्त्रको पक्षमा उपयोग भएको भए राजा महेन्द्रको समयलाई नेपालको राजनीतिक इतिहासको स्वर्णयुगका रूपमा लिन सकिन्थ्यो यो अवसरबाट चतुर राजा महेन्द्र चुके, जसको बदलामा व्यक्तिगत फाइदा र परिवारवाद मात्रै नेपाली जनताले प्राप्त गरे । राजा महेन्द्रको देहावसानपछि भारतमा निर्वासित रूपमा रहेका नेपाली कांग्रेसका सभापति बीपी कोइराला राष्ट्रिय मेलमिलापको नीतिसहित नेपाल फर्किएपछि नेपालको राजनीतिमा पुनः तरंग पैदा हुन थाल्यो । लोकतन्त्रको चरम दुरुपयोग गर्दै पञ्चायत नीति तथा जाँचबुझ समितिलाई निरंकुश पञ्चायती पोलिट ब्युरोको रूपमा परिचालित भइराखेको सन्दर्भमा २०३६ मा पञ्चायती व्यवस्थामा समयसापेक्ष सुधार गरी अघि बढ्ने वा बहुदलीय व्यवस्था अवलम्बन गर्ने हो, यस विषयमा जनमतसंग्रहमा जाने घोषणा राजा वीरेन्द्रले गर्न पुगे। प्रजातन्त्रप्रेमी नेपाली जनताले यसलाई पञ्चायती व्यवस्थाको निरन्तरता दिने चालको रूपमा राम्ररी बुझेका थिए । राष्ट्रिय ढुकुटीको चरम दुरुपयोग, सबै प्रकारका भ्रष्टाचारको संस्थागतीकरण गरिनुका साथै नेपालको चारकोसे हरियो वन निश्चिन्तताका साथ फडान गर्नेदेखि पञ्चायत जिताउने मूल्यमा सबै हथकण्डा प्रयोग भयो र सुधारिएको पञ्चायती व्यवस्थाले निरन्तरता प्राप्त गऱ्यो । शान्तिक्षेत्रको प्रस्ताव र जनमतसंग्रह राजा वीरेन्द्रले नेपालको राजतन्त्रलाई बलियो बनाउन र लोकतन्त्रवादीलाई राजनीतिक परिदृश्यबाट पलायन गराउन चालिएका कदम थिए ।

**तथ्यका आधारमा विश्लेषण गर्दा राष्ट्रिय स्वार्थको पक्षमा दह्रोसँग उभिएका एक मात्र व्यक्तिको नेतृत्वमा नेपाललाई हाँकिराखेको हालसम्म देख्न पाइएको छैन। यी सबै ताबेदारी स्वार्थ अन्धताका कारण भएका हुन् । नेपालका राजनीतिक शक्तिहरू राष्ट्रिय स्वार्थका लागि एकै ठाउँमा उभिई स्वस्थ प्रतिस्पर्धामा उत्रिएका भए आज देशले यो दुर्गति भोग्नुपर्ने थिएन।**

जनतामा पञ्चायती व्यवस्थाविरुद्ध देखिएको चरम असन्तुष्टि राजा महेन्द्रको जस्तो दक्षिणतर्फको छिमेकीसँग सौहार्द सम्बन्ध कायम गर्न नसक्नुको कारण राजा वीरेन्द्रको शासन असफलतातर्फ उन्मुख भयो । हिन्दुस्तानले ०४५ सालमा समाप्त भएको नेपाल-भारत व्यापार तथा पारवहन सन्धिको म्याद थप नगरी दैनिक उपभोगका वस्तुहरूको आपूर्ति बन्द मात्रै गरेन, लामो समयसम्म यो समस्या यथावत् राखी नेपालका प्रजातन्त्रवादी र साम्यवादी राजनीतिक शक्तिहरूलाई नेपालको राजतन्त्र र निरंकुश पञ्चायती शासनविरुद्ध आन्दोलन गर्न सहयोग पुऱ्यायो । यही कारणबाट नेपालको शक्ति सम्पन्न निरपेक्ष राजतन्त्र संवैधानिक बन्न पुग्यो । देशले बहुदलीय प्रतिस्पर्धामा आधारित प्रजातन्त्र प्राप्त गऱ्यो । यी घटनाक्रमबाट नेपालको राजतन्त्र बिस्तारै क्षीण हुँदै जानेतर्फ अभिमुख हुन पुग्यो। अब नेपालमा राजतन्त्र, प्रजातन्त्र र साम्यवाद गरी तिनओटा राजनीतिक शक्ति अस्तित्वमा आउन थाले । नेपालीहरूको मनोविज्ञान सधैं प्रजातन्त्रलाई आत्मसात् गर्ने भएकाले प्रजातान्त्रिक शक्तिको पर्यायका रूपमा देखिएको नेपाली कांग्रेसलाई समर्थन गर्न पुगे। पटकपटक नेपाली कांग्रेस सरकारमा पुग्यो । तर, जनताको विश्वासलाई सम्मान गर्दै अघि बढ्नुपर्नेमा ०४७ सालदेखि सरकार सञ्चालन गर्दा थुप्रै विकृति र विसंगतिको आमन्त्रण हुन पुग्यो । राजतन्त्रले बिस्तारै जनतासमक्ष सकारात्मक प्रभाव पार्न थाल्यो भने साम्यवादीहरूसमेत सत्तामा पुग्ने र प्रमुख प्रतिपक्षका रूपमा भूमिका निर्वाह गर्दै अघि बढ्न थाले । यस अवधिमा माओवादीहरू विदेशी सहयोगमा विद्रोहतर्फ अभिमुख हुँदै सशस्त्र विद्रोहका लागि भूमिगत हुँदै छापामार युद्ध गर्दै समानान्तर सरकारको गठन गर्न थाले र सरकारलाई जिल्ला सदरमुकाममा केन्द्रित गर्न सफल भए। माओवादीहरूको यो संघर्ष पनि मात्रै सत्ताप्राप्तिमा सीमित रह्यो, सत्तामा पुगी आफ्नो आर्थिक अवस्थामा उल्लेखनीय रूपमा सुधार गर्नेहरू एकातिर र अवसर नपाउनेहरू विभिन्न पक्षतिर तितरवितर हुन पुगे । नेपालको राजनीतिक इतिहासमा करिब १६ हजार मानिसको ज्यान लिइएको माओवादी जनयुद्धको पनि औचित्य प्रमाणित हुन सकेन ।

यसपछिको राजनीतिमा पनि षड्यन्त्र, गणितीय जोडघटाउ, आफूलाई समर्थन गर्ने जो-कोहीको संरक्षण, व्याप्त भ्रष्टाचार, नातावाद, कृपावाद, पक्षपात आदिको निरन्तरता देखिँदै छ । ०६३ सालको दोस्रो जनआन्दोलनमा आफ्नो स्वार्थ एवं आत्मरक्षाका लागि संसद्वादी सात दल र भूमिगत युद्धमा रहेको माओवादी सबै दिल्ली हानिए । दिल्लीमा नै जनयुद्धको खाका कोरियो, जनयुद्धपछि नेपालको राजनीति कसरी अघि बढाउने निर्णय लिइयो। थोरै अवधिमा राजा ज्ञानेन्द्रले आफ्नो लागि ठुलै खाल्डो खनेका थिए कुशल रणनीतिको अभावमा। त्यही खाल्डोमा नेपालको राजतन्त्र नामक संस्थालाई समेत साथै लिई समाप्त हुने परिस्थिति बनाएका कारण दिल्ली बैठकले राजतन्त्र समाप्त पार्ने, तराईमा रहेका भारतीय मूलका नागरिकलाई नागरिकता प्रदान गर्ने, समथर भूभागलाई पहाडबाट खण्डित गरी छुट्टै राज्य बनाउने जस्ता सबै रणनीति तयार पारिए। यही रणनीतिलाई साकार रूप दिन सक्नेहरू अथवा विदेशीको दासता स्वीकार गर्न सक्नेहरू नेपालको राजनीतिमा उदीयमान भएका छन् ।

यसका पछाडि नेपालका नदीनाला सुम्पिने, नेपालको सुरक्षालगायत महत्त्वपूर्ण नीति विदेशमा सुम्पिने, केही वर्षपहिले मात्र नेपाल पठाइएका प्यादाहरूलाई ठुलाठुला जिम्मेवारीमा पुऱ्याइने जस्ता सबै रणनीति नेपालमा सफलतापूर्वक लागू गर्न राजनीतिक, रणनीतिक कौशल प्रदर्शन गर्नेहरू नेपालको राजनीतिमा उकालो लाग्नेछन् । यसमा थोरै मात्र आदर्श, राष्ट्रियता, स्वतन्त्रता, प्रजातन्त्रलाई भित्रैदेखि माया गर्नेहरू पाखा लाग्नेछन्, जसका लक्षण नेपाली राजनीतिमा देखिइसकेको छ । यसका दृष्टान्त पनि दिन सकिन्छ। राणाहरूले १०४ वर्षसम्मको एकलौटी शासन इस्ट इन्डिया कम्पनीको ताबेदारी गरेरै चलाए। कम्पनी दिल्लीबाट अवसान भएपछि मात्र राणाहरू हटे। त्रिभुवनले राजतन्त्रको शक्ति भारतकै सहयोगमा प्राप्त गरे। महेन्द्रले लामो समय कारागारमा राखिएका बीपी हिन्दुस्तानमा निर्वासित जीवन बिताइराखेकोमा हिन्दुस्तानको ठिकबेठिक सबै सर्त पालना गर्न नसक्दा त्यहाँ रहन सक्ने स्थिति भएन। राष्ट्रिय मेलमिलापको नीति लिएर ठुलो जोखिम मोल्दै नेपाल फर्किए । यसअघि पनि उनले प्रधानमन्त्री हुँदा भारतसँग छुट्टिएको पाकिस्तान र अमेरिकालगायत पश्चिमा राष्ट्रहरूले मन नपराई मान्यता प्रदान नगरेको इजरायललगायत दुई देशसँग स्वतन्त्र देशको हैसियत देखाई दुई पक्षीय सम्बन्ध विस्तार गरी कूटनीतिक सम्बन्ध कायम गरे। फलस्वरूप उनलाई विदेशी शक्तिहरू (विशेषगरी हिन्दुस्तान) ले कहिल्यै सहयोग गरेन । भारतसँग सौहार्दता कायम गर्न असफल प्रचण्ड कटुवाल प्रकरणमा सत्ताच्यूत हुन पुगे भने विदेशीकै इसारामा दुईदुई क्षेत्रबाट निर्वाचन हारेका माधवकुमार नेपाल प्रधानमन्त्री मात्रै बनेनन्, उनले आफ्नो दलबाट आफू जस्तै निर्वाचन हारेकाहरूलाई मात्रै मन्त्री बनाए । नेपाल सरकारको बदनाम गराउने यो कुत्सित चाललाई हाम्रा प्यादाहरूले पत्तै पाएनन् । त्यसपछि विदेशीहरूको प्राथमिकतामा नपरेका झलनाथजी लामो समय टिक्न सकेनन्। विदेशी प्रभुप्रति स्वामीभक्ति देखाउँदै लम्पसार पर्ने स्वभाव भएका तथाकथित विद्वान् व्यक्तित्व प्रधानमन्त्रीको कुर्सीमा सजिए र अल्प अवधिमै आफ्नै स्वामीभक्ति पुस्ट्याइँ गर्ने गरी महत्त्वपूर्ण निर्णय लिन भ्याए । उनी सत्ताबाट हट्ने परिस्थितिमा लामो समयदेखि बहुदलीय प्रतिस्पर्धात्मक राजनीतिको अभ्यास गर्दै आएको नेपालमा गैरराजनीतिक व्यक्तिहरूको जमघट भएको कर्मचारीहरूको सरकार गठन गर्ने परिस्थिति तयार पारियो। यसका दुईओटा लक्ष्य थिए- नेपालको लोकतन्त्रको हदैसम्म बदनाम गर्ने र नेपालमा देखिएका नेताहरूको हैसियत उनीहरूलाई अवगत गराउने । यी सबै चाल सत्ताका लुछाचुँडी गर्नैका लागि सके आफैं शासन गर्ने अन्यथा अरूलाई गर्न नदिने अस्वस्थ सोचका कारण सबैले स्वीकार गर्न पुगे। तसर्थ नेपालमा राजनीति व्यक्तिगत स्वार्थपूर्तिका लागि मात्र अघि बढिराखेको छ ।

उल्लिखित घटनाक्रम नेपालका राजनीतिका प्रतिनिधि उदाहरण मात्रै हुन् । तथ्यका आधारमा विश्लेषण गर्दा राष्ट्रिय स्वार्थको पक्षमा दह्रोसँग उभिएका एक मात्र व्यक्तिको नेतृत्वमा नेपाललाई हाँकिराखेको हालसम्म देख्न पाइएको छैन । यी सबै तावेदारी स्वार्थ अन्धताका कारण भएका हुन्। नेपालका राजनीतिक शक्तिहरू राष्ट्रिय स्वार्थका लागि एकै ठाउँमा उभिई स्वस्थ प्रतिस्पर्धामा उत्रिएका भए आज देशले यो दुर्गति भोग्नुपर्ने थिएन। तर, हाम्रा राजनीतिज्ञको मनोविज्ञान यिनै घटनाक्रमका कारण नेपालको राजनीति अन्यत्रैबाट नियन्त्रित र निर्देशित हुनेमा विश्वस्त हुन पुगेकाले रातारात राजनीतिक तरक्की गर्न विदेशी शक्तिको दलाली गरी उनीहरूकै प्यादा बन्नुमा मात्रै केन्द्रित रहेका छन् । त्यसैले यस्तैयस्तै प्रकारको राजनीतिक रबैयाले निरन्तरता पाई देश अझै ठुलो चक्रव्यूहमा फस्ने भविष्यवाणीलगायत उल्लिखित विश्लेषण राजनीतिमा चासो राख्नेहरूबिच भइराखेको अवस्था छ ।

*(मैनाली पूर्वसचिव हुन्)*

# आदर्श च्यूत हुँदै कांग्रेस



■ घनेन्द्र ओझा

मुलुकको जेठो राजनीतिक दल नेपाली कांग्रेस अहिमुलुकको जेठो राजनीतिक दल नेपाली कांग्रेस अहिले १३औं महाधिवेशनको संघारमा छ । ०१५ सालदेखिकै हिसाब गर्ने हो भने पनि सबैभन्दा बढी समय सत्ताको स्वाद लिएको पार्टी पनि यही हो । बीपी कोइराला, मातृकाप्रसाद कोइराला, सुवर्णशमशेर, कृष्णप्रसाद भट्टराई, गिरिजाप्रसाद कोइरालालगायत नेताले समयसमयमा नेतृत्व दिएको पार्टी नेपाली कांग्रेसले आफ्नो मूल मन्त्र बनाएको छ- राष्ट्रियता, लोकतन्त्र र समाजवाद। तर, यथार्थ यस्तो छैन। कांग्रेस आफ्नो आदर्शबाट उहिल्यैदेखि च्यूत हुँदै आइरहेको छ। ऊ आफ्नो आदर्शप्रति अनभिज्ञ छैन, तर बेवास्ता गरिरहेको छ । यसका कारण कांग्रेसभित्र पहिल्यैदेखि मौलाउँदै आएको नातावाद, कृपावाद र भक्तिभाव हो । यसर्थ, कांग्रेसीजनहरूबाटै आलोचना भइरहेको छ, कांग्रेसको सिद्धान्त र व्यवहारको अन्तरबारे। अहिले कांग्रेसको मूल मन्त्र 'राष्ट्रियता, लोकतन्त्र र समाजवाद' नभएर 'नातावाद, कृपावाद र भक्तिभाव' हुन् भन्नेहरूको ठुलै संख्या देखिन्छ ।

यदि यसो नभएको भए पुरानो र स्थापित राजनीतिक दलले आजसम्म आइपुग्दा आफूलाई पूर्ण रूपमा लोकतान्त्रिक बनाउँदै व्यवस्थित प्रणालीको विकास गरिसक्नुपर्ने थियो। यसो हुन नसक्नुका पछाडि उल्लिखित कारण नै हुन् भन्ने आमकांग्रेसी जन तथा विश्लेषकको मत रहेको छ । उल्लिखित 'तथ्य'हरू 'आरोप' मात्र होइनन्, तिनलाई पुष्टि गर्ने पर्याप्त आधार पनि छन्। 'राष्ट्रियता'को स्थानमा आएर बसेको 'नातावाद' हिजोदेखि आजसम्मको नेपाली कांग्रेसको इतिहास पल्टाउने हो भने छर्लंगिन्छ। बीपी कोइराला, मातृकाप्रसाद कोइराला र गिरिजाप्रसाद कोइराला राणाकालका विद्रोही कृष्णप्रसाद कोइरालाका तिन सन्तान हुन्, जो विभिन्न समयमा कांग्रेसको नेतृत्व सम्हालेका नेता पनि हुन्। यसपछि उनीहरूका सन्तान पनि कांग्रेस राजनीतिमा क्रियाशील नै रहेका छन् । बीपीका पुत्र डा. शशांक कोइराला, गिरिजाप्रसादकी सुपुत्री सुजाता कोइराला कांग्रेस राजनीतिमै सक्रिय छन् र केन्द्रीय नेतृत्वमै रहेका छन्। उनीहरू आफूलाई पार्टीको भावी सभापतिको दाबी गरिरहेका छन्। अर्कातर्फ मातृकाप्रसादका सुपुत्र कमल कोइराला वामपन्थी दलका तर्फबाट राजनीति गरिरहेका छन् भने बीपीपुत्र प्रकाश कोइराला पनि ज्ञानेन्द्रकालमा मन्त्री बनिसकेका छन् । यीबाहेक कांग्रेसभित्रै सर्वोच्च नेता गणेशमान सिंहका पुत्रद्वय पीएल सिंह र प्रकाशमान सिंह पनि राजनीतिमै क्रियाशील छन्। प्रकाशमान सिंह कांग्रेसमा भावी नेतृत्वको दाबी गरिरहेका छन् भने पीएल सिंह राजनीतिक रंगमञ्चबाट केही समयदेखि टाढा रहेका छन्। त्यसो त अन्य राजनीतिक दलमा पनि नातावादको प्रभाव अत्यन्तै बढी छ। यद्यपि, यस आलेखमा नेपाली कांग्रेस केन्द्रित रहेर मात्र विश्लेषण गर्ने प्रयास गरिएकाले त्यता नछिर्नु उपयुक्त हुनेछ ।

'लोकतन्त्र'का स्थानमा आएको छ 'कृपावाद' जसको पुष्टि गर्न विशेषगरी प्रजातन्त्र पुनःस्थापनापछिको कांग्रेसलाई हेरे पुग्छ । कृपावादकै परिणति थियो, कांग्रेसलाई ०४६ पछि अत्यन्तै भ्रष्टाचारीको आरोप लाग्नु । स्व. गिरिजाप्रसाद कोइरालाको निगाहमा पार्टीभित्र हैकम जमाएका गोविन्दराज जोशी, चिरञ्जीवी वाग्ले, खुमबहादुर खड्का, जयप्रकाश गुप्ताहरूका कारण नेपाली कांग्रेस निकै बदनाम भइरह्यो। भ्रष्टाचार जस्तो गम्भीर अपराधमा जेल सजाय भोगेर निस्किइसकेका छन् उल्लिखित व्यक्तिहरू। यदि उनीहरूले तत्कालीन समयमा पार्टी नेतृत्वबाट कृपा प्राप्त नगरेका भए उनीहरू सत्तामा हालिमुहाली गरी राज्यकोषको दुरुपयोग गर्ने अवसर पाउने थिएनन् र कांग्रेसको बदनामी पनि

**दार्शनिक कार्ल मार्क्सले 'समाजवाद' कुनै अमुक व्यक्ति वा राजनीतिक दलको स्वार्थसिद्धिका लागि प्रवर्तन गरेका थिएनन्। समग्र मानव समाजको कल्याणका निम्ति प्रतिपादित दर्शनको दुरूपयोग र अपव्याख्या गर्ने हाम्रा राजनीतिक पार्टी र तिनका नेतृत्वलाई देखेर यतिबेला कार्ल मार्क्स स्वयं पनि लज्जित बन्ने थिए सायद।**

यति विधि हुने थिएन। नातावाद र कृपावादकै पृष्ठभूमिमा जनआन्दोलनका कमान्डर गणेशमान सिंह र सन्त नेता कृष्णप्रसाद भट्टराईले आफैंले जन्माए हुर्काएको र रगतपसिना बगाएको प्रिय पार्टीबाट अलग्गिन बाध्य हुनुपऱ्यो, जीवनको उत्तरार्द्धमा । योभन्दा पीडा के हुन सक्छ एउटा आदर्श राजनीतिज्ञका लागि ?

यससँगै जोडिन्छ, 'चैते कांग्रेस' काण्ड। प्रजातन्त्र पुनःस्थापनापछि 'सबै पञ्च कांग्रेस, सबै कांग्रेस पञ्च'को अवधारणाले कांग्रेसलाई बदनाम गराउन महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ। हिजोका पञ्चायती पृष्ठभूमिका व्यक्तिहरूलाई 'खुला हृदयले' न्यानो स्वागत गरेका कारण कांग्रेसभित्रका त्यागी, जुझारु र संघर्ष गरेर, जेलनेल भोगेर आएका धेरै नेताकार्यकर्ता पाखा लगाइए। पञ्चायतकालका हिजोका 'बहुदलविरोधी'हरू ठुलै 'प्रजातन्त्रवादी' भएर निस्किए रूपमा, तर सारमा उनीहरूभित्रको 'निरंकुश' चरित्रले नै फल्ने फुल्ने अवसर पायो 'लोकतन्त्र'का नाउँमा । यिनै हिजोका पञ्चायत पृष्ठभूमिबाट बहुदल आएपछि कांग्रेसमा प्रवेश गरेका 'प्रजातन्त्रवादी'हरू नै 'चैते कांग्रेस'का नाममा चिनिँदै आएका छन् । र, चैते कांग्रेसले पार्टीमा विगतदेखि नै महत्त्वपूर्ण पद र जिम्मेवारी पाइरहेका छन्, जसको एक मात्र कारण हो- कृपावाद ।

'समाजवाद'का स्थानमा आइपुगेको 'भक्तिभाव' कांग्रेसभित्रको अर्को ठुलो घातक समस्या हो। भक्तिभाव, जो कुनै पनि 'लोकतान्त्रिक' संस्थाले स्वीकार गर्दैन, यो नेपाली कांग्रेसको एउटा महत्त्वपूर्ण मन्त्र बनेको छ पछिल्लो समय । यसै त कांग्रेसभित्र 'दाइ प्रथा' लामो समयदेखि कायम छ। दाइ प्रथा एकप्रकारको भक्तिप्रथा हो । यसले 'समानता', 'समता', 'आत्मसम्मान' र 'स्वतन्त्रता' जस्ता पवित्र र महत्त्वपूर्ण शब्दको ठाडो अपमान गर्छ । पार्टीभित्रैको 'लोकतन्त्र'माथि गम्भीर प्रश्न खडा गरिदिन्छ यसले । 'समाजवाद' शब्द बीपी कोइरालाले प्रयोग गरे पनि वा मदन भण्डारी वा पुष्पकमल दाहालले प्रयोग गरे पनि यसका अर्थ फरक छैनन्। उही अर्थमा फरक राजनीतिक उद्देश्य (स्वार्थ पो हो कि ?)का लागि समाजवाद शब्द प्रयोग गरिराखेका छन् नेपालका राजनीतिक दलले । यसर्थ खास 'समाजवाद' भक्तिभाव, नातावाद र कृपावादबाट प्राप्त हुन सक्दैन। दार्शनिक कार्ल मार्क्सले 'समाजवाद' कुनै अमुक व्यक्ति वा राजनीतिक दलको स्वार्थसिद्धिका लागि प्रवर्तन गरेका थिएनन् । समग्र मानव समाजको कल्याणका निम्ति प्रतिपादित दर्शनको दुरुपयोग र अपव्याख्या गर्ने हाम्रा राजनीतिक पार्टी र तिनका नेतृत्वलाई देखेर यतिबेला कार्ल मार्क्स स्वयं पनि लज्जित बन्ने थिए सायद। यद्यपि, हाम्रा राजनीतिक दल र तिनका नेतृत्वमा कुनै प्रकारको लज्जाबोध देखिँदैन ।

सन्दर्भ पुनः जोडौं कांग्रेस महाधिवेशनतर्फै। संघारमै आइसकेको नेपाली कांग्रेसको १३औं महाधिवेशनबाट आमनेपाली र विशेषगरी कांग्रेसीजनले गरेका केही अपेक्षा छन्। यी अपेक्षा पूरा गर्नतर्फ यो महाधिवेशन अग्रसर हुनु जरुरी छ। पहिलो कुरा त माथि उल्लेख गरिएका विषयमाथि महाधिवेशनले गम्भीर समीक्षा गर्नुपर्नेछ । देशकै पुरानो र अभिभावक राजनीतिक दलभित्र अलोकतान्त्रिक, अमर्यादित र संकीर्ण व्यवहारको अन्त्य हुन नसक्नुले आमजनमा नकारात्मक प्रभाव पार्ने त छँदै छ, पार्टीको लोकप्रियता र विश्वसनीयतामा पनि गम्भीर असर पार्नेछ । कुनै अमुक नेताका सन्तान, आफन्त वा नातेदार भएका आधारलाई पार्टी नेतृत्वका लागि योग्यता मानिनुहुँदैन । यसरी नै कुनै अमुक नेताको विश्वास पात्र वा निकटको भएकै कारण पनि पार्टी नेतृत्वको हकदार मान्नु ठुलै भुल हुनेछ। र, कुनै 'दाइ' वा 'दिदी'को भक्तिगान गाएकै आधारमा पनि नेतृत्वको दाबेदार हुन योग्य हुँदैन। बरु, विगतमा पार्टी र मुलुकका लागि महत्त्वपूर्ण योगदान गरेकाहरू यसका हकदार र दाबेदार हुनुपर्छ ।

अहिले सबैजसो राजनीतिक दलमा उठिरहेको विषय 'युवा नेतृत्व'को हो । युवा आफैंमा क्रियाशील, तेज र अध्ययनशील हुन्छन्, हुनुपर्छ। शारीरिक, मानसिक रूपमा पनि योग्य र सक्षम हुन्छन् युवा । यसर्थ युवा नेतृत्वको बहस अस्वाभाविक होइन, तर यति मात्र एउटा स्थापित र देशको प्रमुख राजनीतिक दलको नेतृत्वका लागि पर्याप्त गुण भने होइनन्। प्रस्ट 'भिजन', लक्ष्य र संगठन गर्ने क्षमता अनि कूटनीतिक चातुर्य पनि नेतृत्वमा हुनुपर्ने महत्त्वपूर्ण गुण हुन् । नेतृत्वको चयन गर्दा यी कुरालाई पनि ध्यानमा राख्नु जरुरी छ, अबको कांग्रेसले ।

# नेपोलियनको नाकाबन्दी र टाँकको तस्करी



■ गणेश अधिकारी

संविधानसभाले नयाँ राष्ट्रिय एकताको निर्क्योल गर्न नसक्दा नेपाल-भारत नाकामा मधेसको अवरोधले १८औं शताब्दीको युरोपको सम्झना गराएको छ। सन् १७८९ को फ्रान्सको राज्य क्रान्तिका उपज नेपोलियन सम्पूर्ण युरोप विजय गर्दै थिए, त्यो बखतमा । समानता, स्वतन्त्रता र भाइचारा भन्ने नारा क्रान्तिका फल थिए । नेपोलियनको विजय अभियानमा यही नाराका आधारमा युरोपेली मुलुकले साथ पनि दिँदै थिए । तर, सन् १६८८ मै गौरवमय क्रान्ति गरेर उद्योगधन्दातर्फ लागेको बेलायतले नेपोलियनलाई टेर्ने छाँट थिएन । बाठा नेपोलियनलाई यो कुरा थाहा थियो । त्यसकारण बेलायतलाई कसरी तह लगाउने भन्ने कुरा उनी सोचिरहेका थिए ।

उद्योगधन्दातर्फ लागेको बेलायतको धेरै देश, त्यसमा पनि वरिपरिकै देशसँग औद्योगिक कच्चा पदार्थका लागि राम्रो सम्बन्ध थियो । यी देशबाट बेलायतले सस्तोमा कच्चा पदार्थको आयात गर्थ्यो र तयारी माल तिनै देशमा निर्यात गर्ने गर्थ्यो। यद्यपि, यस कामका लागि उसलाई समुद्रपारि धेरै टाढाका देशहरू, जस्तै : भारतलगायतलाई चाहिएको थियो। नेपोलियनलाई यतिखेर भारत पुग्नुपरेको थिएन। युरोपकै देश जित्न उनलाई भ्याइनभ्याई थियो । त्यसैले उनले के सोचे भने उनले जितेका र अब जितिने देशहरूबाट बेलायत जाने माल रोकिदिए आफ्नो बाटोमा तगारो बन्न खोज्ने बेलायतलाई सजिलै तह लगाइन्छ । त्यस बखतका फ्रान्सका मात्र होइन, पुरै युरोपका शक्तिशाली नेपोलियनलाई सोचमा आएको कुरा व्यवहारमा ल्याउन कुनै आइतबार पर्खिनुपर्दैनथ्यो ।

फ्रान्सलगायत नेपोलियनले अहिलेसम्म जितेका सबै देशबाट बेलायत जाने सम्पूर्ण वस्तुमा नाकाबन्दी गरिदिए । साँच्चै नै बेलायतको उद्योग कलकारखानामा यसले हाहाकार मच्चायो, यतिखेर हाम्रो नेपालमा भारतको नाकाबन्दीले मच्चाएको हाहाकार जस्तै। म्याग्नाकार्टाकै समयदेखि प्रजातान्त्रिक अभ्यास गर्दै आएका बेलायती जनताले तत्कालीन बेलायत सरकारको सडकमा निस्केर विरोध गर्न थाले । साँच्चै सरकार अप्ठेरोमा पर्न थाल्यो। बेलायतबाट फ्रान्समा जाने त्यस्ता ठुला कुरा पनि रहेनछन्, जसलाई रोकेर नेपोलियनलाई चखाउन सकियोस् । सरकार बडो असमञ्जस्यमा पर्दापर्दै उसले पनि एकदिन कोटमा लगाउने टाँकबारे सोच्न पुगेछ। हुन त त्यो जाबो टाँक भनेको के हो र ? तर पनि बेलायतबाट टाँक फ्रान्समा जाँदो रहेछ। नेपोलियनले चाखोस्, न चाखोस्, यही टाँक भए पनि रोकी त दिऊँ, के हुँदो रहेछ ? भन्ने सोचले बेलायतले फ्रान्स निर्यात हुने टाँकको नाकालाई भारतले यतिखेर नेपालका लागि आउने इन्धन रक्सौलमा बन्द गरेजस्तै बन्द गरिदिएछ । परिस्थिति त्यहाँको त्यसबेलाको र यहाँको यसबेलाको मिल्दैन, तर पनि वस्तुमाथिको रोक र त्यससँग सम्बन्धित मानिसहरूका लागि त्यसको महत्त्व कति होला ? अनुमान लगाउन सकिन्छ ।

सुरुमा त नेपोलियनले यसबारे त्यति गहिरिएर सोचेनन् । किनभने त्यो जाबो टाँकबारे के नै पो सोच्नुपरेको थियो र ? तर, त्यो नाथे एउटा सानो टाँकले छिट्टै असर गरिहाल्यो। सैनिक ब्यारेकबाट जब टाँकबारे कुरा आउन थाल्यो अनि नेपोलियन झस्किए। किनभने युरोपको जाडोमा आङभरि टम्म पारेर लुगा लगाउन त टाँक नभई नहुने कुरा थियो । योबिना सैनिकको पोसाक नै बन्न सक्दैनथ्यो। केही दिन त भण्डारण गरिएका टाँकले काम चलाए, तर यो पनि सकिएपछि करिब करिब सबै ब्यारेकबाट कुरा आउन थाल्यो । शक्तिशाली नेपोलियनका लागि आफैंले लगाएको बेलायतविरुद्धको नाकाबन्दी आफैंतिर पो आइलाग्यो कि क्या हो जस्तो पनि भयो ।

हुँदाहुँदा टाँकबेगर सैनिक पोसाक तयारी नै बन्द हुन लागेको देखेपछि नेपोलियनले कसलाई भन्ने भनेर सोच्दै गर्दा एउटा गोप्य योजना बनाएर बेलायतबाट टाँकको तस्करी गरेर फ्रान्समा भित्र्याउने काम मात्र गरेनन्, गोपनीयता भंग नहोस् भनेर आफ्नै नेतृत्वमा टाँकको तस्करी गर्न थाले। त्यतिखेर नेपोलियन महान्ले अत्यन्त विरोधाभाषपूर्ण दुईओटा काम गरिरहेका थिए। फ्रान्सको त्यत्रो राज्य क्रान्तिका उपज उनी युरोप एकीकरण गर्दै थिए एकातर्फ भने अर्कातर्फ तस्करी व्यापारमा पनि लागेका थिए। यसो भनेर दुनियाँले सुन्नै हुँदैनथ्यो। बाध्य भएर यस्तो तल्लोकोटिको काम उनले गर्नुपरेको थियो। आखिर त्यति सानो जाबो टाँकको कुरा न थियो। तर, के गर्नु त्यसको मार्मिक महत्त्वले गर्दा नेपोलियन आफैं अग्रसर हुनुपऱ्यो। समय पनि कस्तो आउँछ ? करिब डेढ वर्षपहिले हालका भारतीय प्रधानमन्त्री काठमाडौंको सडकमा गाडीबाट ओर्लिएर सडकमा लाम लागेर उनको स्वागतमा उभिएका नेपालीसँग हात मिलाउन पुगेका थिए ।

पशुपतिनाथको दर्शन गर्न गएका बखत स्वागतमा उभिएको यो पंक्तिकारले पनि सो मौका पाएको थियो । रक्सौलमा भएको नाकाबन्दी उनकै आदेशमा भएको सुन्दा, पत्रपत्रिकामा पढ्दा नेपाली भित्रैदेखि दुःखी छन् । नेपालमा टाँकको उत्पादन त हुँदैन। तर, १८औं शताब्दीको अन्त्यतिर महान् नेपोलियनलाई बेलायतले टाँकको जति ठुलो महत्त्व सुझाएको थियो, भारतका लागि नेपाल त्यही टाँक हो भन्दा के फरक पर्ला र ? नेपाल स्वयं एउटा टाँक हो । सानो टाँक । कोटमा लगाउने टाँक ।

भारतीय विदेशमन्त्री यतिखेर संयोगले महिला भए पनि उनी सारीमाथि पनि एउटा इस्टकोट लगाउँछिन् । उनलाई पनि त्यसकारणले टाँकको महत्त्व थाहा भएर पनि नेपालको नाका खोल्न भगवान्को इच्छामा छोडिदिएकी छन् । नेपालको महत्त्वलाई टाँकमा पुऱ्याएको कतिलाई चित्त नबुझ्न सक्छ। नेपालीका लागि नेपाल टाँक मात्र वास्तवमा होइन, सबैथोक हो। तर, भारतका लागि कमसेकम टाँक मात्र पनि भइदियो भने एकदिन स्वयं नेपाललाई नै तस्करी गरेर मात्र आफ्नो हितैषी बनाउन भारतले कोसिस गर्नुपर्ने दिन आउन सक्छ भन्न खोजिएको हो। यतिखेरको नेपालमा राष्ट्रिय एकताको नयाँ परिभाषाका लागि मधेस आन्दोलन चलिरहेको छ । त्यसका पछाडि नेपालका विभिन्न जाति, जनजाति, उत्पीडित, दलित आदि सबै छन्। तर, यतिखेर नेपालमा जे देखिँदै छ, त्यो राष्ट्रिय एकता किमार्थ होइन। नयाँ राष्ट्रिय एकताका लागि मधेसले नेतृत्व गर्दै छ। भारतले टाँकको महत्त्व बिर्सिदिएको हो कि भन्ने आशंकाले मधेसबाहेक बाँकी नेपाल रमितेजस्तो मात्र देखिएको हो ।

स्वतन्त्र भारतका पहिला प्रधानमन्त्रीको ख्याति विश्वमै थियो, भारतमा मात्र होइन। २००७ सालको प्रजातान्त्रिक आन्दोलनपछि उनी नेपालमा दुई पटक आएका थिए । ब्रिटिस-भारतको जस्तै नेपाल-भारतको सम्बन्धलाई पनि स्वामी-सेवककै जस्तो गरी सुरुसुरुमा व्यवहार गर्न नखोजिएको होइन। तर, सन् १८१६ को सुगौली सन्धिसमेत खारेज गर्दै बेलायतले स्वतन्त्र नेपालसँग २१ डिसेम्बर सन् १९२३ मा गरेको शान्ति तथा मैत्री सन्धिको कुरा बिस्तारै खुल्दै गयो र उसले पनि नेपाललाई टाँकको महत्त्व दिन थालेका धेरै प्रमाण छन् । नेपालको स्वतन्त्रतालाई यदि स्वामी-सेवककै स्तरमा बेलायतले राखेको हुन्थ्यो भने स्वयं भारतकै लागि भनेर बनाउन खोजिएको सप्तकोसी उच्च बाँधका लागि नेपालका तत्कालीन प्रधानमन्त्री वीरशमशेरसँग 'कटान डुबान नहुने गरी बाँध बाँध्न दिने' स्वीकृति किन लिइरहनुपर्थ्यो र तत्कालीन ब्रिटिस-भारतले ?

# साग स्वर्णधारीलाई आजीवन भत्ता

**राजधानी समाचारदाता**
काठमाडौं, १० पुस

राष्ट्रिय खेलकुद परिषद्ले दक्षिण एसियाली खेलकुदमा स्वर्ण जित्ने खेलाडीलाई आजीवन भत्ता उपलब्ध गराउने भएको छ । आइतबार राखेपले ११औं संस्करणमा स्वर्ण जित्न सफल खेलाडीलाई भत्ता उपलब्ध गराउँदै त्यसको सुरुआत गरियो। प्रत्येक स्वर्णधारी खेलाडीलाई राखेपले मासिक जनही २५ सय रुपैयाँ प्रदान गर्ने भएको हो। यसले खेलाडीका लागि उत्साह थपेको छ ।

सागको ११औं संस्करण समाप्तिसम्म टिम र व्यक्तिगतमा गरी नेपाली खेलाडीको स्वर्ण जित्ने संख्या जम्मा १ सय ७ रहेको छ। स्वदेश तथा विदेशमा रहेका स्वर्ण विजेताबाहेकका खेलाडीलाई राखेपले आजीवन भत्ता दिने व्यवस्था मिलाएको राखेपका सदस्यसचिव केशवकुमार विष्टले बताए ।

१२औं दक्षिण एसियाली खेलकुदको तयारीमा रहेको समयमा खेलाडीको प्रोत्साहनस्वरूप प्रदान गरिएको आजीवन भत्ताले खेलाडीमा नयाँ ऊर्जा थपेको छ।



आइतबार १ सय ७ स्वर्णधारीमध्ये ४६ जनाको उपस्थिति रहेको थियो। दोहोरो पदक जित्नेलाई पनि एउटा पदक जित्नेसरह नै पुरस्कृत गरियो । सदस्यसचिव विष्टले भने, 'हरेक महिना आजीवन सो प्रदान गरिनेछ ।' उनले साग, एसियाली र ओलम्पिकमा विभिन्न पदक जित्ने खेलाडीका लागि हरेक महिना आजीवन पुरस्कारको व्यवस्था गर्न लागिएको समेत प्रतिबद्धता व्यक्त गरे ।

सदस्यसचिव विष्टका अनुसार प्रत्येक महिना सागको स्वर्णलाई ५ हजार, रजतलाई ३ हजार र कांस्यलाई १ हजार ५ सय तथा एसियाली खेलकुदको स्वर्णलाई १५ हजार, रजतलाई १० हजार र कांस्यलाई ५ हजार रुपैयाँ प्रदान गर्ने गरी परिषद्ले तयारी गरिरहेको छ। त्यस्तै, ओलम्पिकको स्वर्णलाई २५ हजार, रजतलाई २० हजार र कांस्यलाई १५ हजार प्रत्येक महिना दिने गरी प्रस्ताव पेस गर्ने सदस्यसचिव विष्टले जानकारी गराए ।

हाल नेपाल ओलम्पिक कमिटी (एनओसी) का अध्यक्ष जीवनराम श्रेष्ठ सदस्यसचिव भएका बेला सागका स्वर्ण विजेतालाई प्रोत्साहनस्वरूप प्रत्येक महिना २ हजार रुपैयाँ दिने सुरुआत गरिएको थियो । विविध कारणले पछि त्यो रोकिएको थियो। पुरस्कारलाई प्रत्येक महिना निरन्तरता दिने उद्देश्यले राखेपले खेलाडीलाई पुरस्कृत गरेको हो ।

# मनाङको कठिन जित

**पोखरा/रास-** इन्डियन आर्मी गोर्खा ब्रिगेड टिमविरुद्ध निर्धारित समयमा गोलको खाता खोल्न नसकेको लक्ष्मीहुन्डाई मनाङ मर्स्याङ्दी क्लब अतिरिक्त समयमा २-० गोलको अन्तर कायम गरी जित हात पार्न सफल भएको छ । पोखरा रंगशालामा जारी १४औं आहा रारा गोल्डकपको आइतबार सम्पन्न दोस्रो क्वार्टरफाइनलमा इन्डियन आर्मी गोर्खा ब्रिगेड टिमको चुनौती पन्छाउँदै अन्तिम ४ मा पुगेको हो ।

साबिक उपविजेता मनाङको विजयी यात्रा कायम गराउन खेलको ९६औं मिनेटमा अमित तामाङ र १ सय १औं मिनेटमा विदेशी खेलाडी ओलावालेले १/१ गोलको योगदान दिएका हुन् । मनाङले अब फाइनल प्रवेशका लागि १४ माघमा रमपम झापा-११ र रहमदगन्ज एमएफ सोसाइटी बंगलादेशबिचको विजेतासँग प्रतिस्पर्धा गर्नेछ ।

हारपछि गोर्खा ब्रिगेडका म्यानेजर केपी राईले आफूहरूले यस वर्ष मनाङविरुद्धको खेलमा उत्कृष्ट खेल प्रदर्शन गर्दागर्दै रेफ्रीको गलत निर्णयका कारण हार बेहोर्नुपरेको आरोप लगाए ।

मनाङका छिरिङ लोप्सान गुरुङले आफ्नो टिमका ७५ प्रतिशत मुख्य खेलाडीविना मैदानमा उत्रिएका कारण जित कठिन भएको प्रतिक्रिया दिए । उनले राष्ट्रिय खेलकुद परिषद् पहिलेकै व्यक्तिको छत्रछायामा रहेकोले आफ्ना मुख्य ७ खेलाडीलाई पोखरा आउन रोकिएको आरोप लगाए। उनले भने, 'यही अवस्था रहे आफूहरूले छिट्टै एन्फाद्वारा आयोजना हुने कुनै पनि खेल नखेल्ने निर्णय गर्न सक्छौं ।'

राष्ट्रिय टिमका कप्तान बिराज महर्जन, विक्रम लामा, हेमन गुरुङ, विशाल राई, विमल घर्ती मगर र अनन्त तामाङ राष्ट्रिय टिममा आबद्ध भएकाले मनाङले पोखरा रंगशालामा उतार्न सकेन ।

## दोस्रो अभ्यास खेलमा श्रीलंकाविरुद्ध भिड्दै नेपाल

**काठमाडौं/रास-** यू-१९ विश्वकपको तयारीमा रहेको नेपाली टिमले सोमबार आफ्नो दोस्रो अभ्यास खेलमा श्रीलंकाको सामना गर्दै छ । पहिलो अभ्यास खेलमा पाकिस्तानसँग फराकिलो पराजय बेहोरेको नेपाली युवा टिम उपाधि दाबेदार श्रीलंकाविरुद्धको दोस्रो अभ्यास खेल्न लागेको हो ।

अन्तिम अफिसियल अभ्यासमा नेपाल पाकिस्तानसँग बेहोरेको फराकिलो हार सुधार्ने ध्याउन्नमा श्रीलंकाविरुद्ध मैदान उत्रिँदै छ । प्रतियोगितामा औपचारिक सुरुआत भने १४ मंसिरमा न्युजिल्यान्डविरुद्धको प्रदर्शनबाट गर्नेछ । समूह 'डी' मा रहेको नेपालले न्युजिल्यान्डसहित आयरल्यान्ड र भारतको सामना गर्नेछ। दोस्रो खेलमा आयरल्यान्ड र समूहको अन्तिम खेलमा भारतविरुद्ध प्रतिस्पर्धा गर्नेछ। प्रतियोगितामा ९ टेस्ट राष्ट्रसहित कुल १६ देशको सहभागिता रहेको छ। प्रतियोगिता बंगलादेशमा हुँदै छ ।




**Nepal General Marketing Pvt. Ltd.**
PO Box 133, Jyoti Bhawan 1911, Kantipath, Kathmandu, Nepal
Phone: 01 4225377, 4104540, 4248949, Fax: 01 4212415
Finance: 01 4261770, Toll Free No.: 16600122033
Email: customercare@ngmhero.com, **www.ngmhero.com**
www.facebook.com/ngmheromotocorp

ON EVERY PURCHASE Don't forget your FREE HERO HELMET

अब ५ वर्षको वारेण्टीको साथमा ९ वटा फ्रि सर्भिस*
*शर्तहरु अनुसार

**Kathmandu Valley** Balkumari 5006184 • Banepa 661981 • Bhaktapur 6613112 • Buddhabari 4104540, 4104541 • Gatthaghar 6638444 • Gyaneshwor 4428970 • Jorpati 4912006 Kantipath 4225377, 4266517 • Kumaripati 5004103 • Maharajgunj 4373514 • Nayabazar 4361786 • Putalisadak 4435155 • Ravibhavan 2290970 • Swoyambhu 4289737
**Outside of Valley** Attaria 551244 • Baglung 520174 • Bharatpur 526697 • Bardibas 550552 • Bhairahawa 523930 • Bhairahawa 524290 • Biratchowk 545227 • Biratnagar 463754 • Biratnagar 536896 • Birgunj 526894 • Birgunj 529667 • Birtamode 543248 • Butwal 542725 • Chandranigahapur 540739 • Damak 581463 • Damauli 560477 • Dang 560262 • Dhangadi 417115 • Dharan 526522 • Gaidakot 502399 • Gaighat 420032 • Gaur 521109 • Golbazar 540327 • Gorkha 420560 • Guleria 420608 • Hetauda 525386 Inaruwa 561498 • Itahari 587580 • Jaleshwor 521095 • Janakpur 523644 • Kalaiya 551526 • Kapilbastu 550160 • Kawasoti 541001 • Kohalpur 540280 • Lahan 562202 Lalbandi 501628 • Mahendranagar 520745 • Malangawa 521711 Mirchaya 550803 • Narayanghat 532255 • Nawalparasi 521002 • Nepalgunj 551598 • Parsa 583199 Pokhara 535444 • Pokhara 539389 • Pyuthan 460464 • Rajbiraj 523542 • Siraha 520442 • Surkhet 525196 • Surunga 551010 • Tikapur 560426 • Tulsipur 520808 • Waling 440610

## नेपाल-बंगलादेश वायुसेवा मर्मत सम्झौता

# बुध्द एयर, नेपाल र नोभो एयर, बंगलादेशबीच विमान मर्मत सम्झौता

नेपालको बुद्ध एयर र बंगलादेशको नोभो एयरबीच विमान मर्मतसम्भार सम्झौता भएको छ । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलभित्र बुध्द एयरको ह्याङ्गरमा आयोजित समारोहका अवसरमा बुध्द एयरका प्रबन्ध निर्देशक वीरेन्द्रबहादुर बस्नेत र नोभो एयरका प्रबन्ध निर्देशक मोफिजुर रहमानले मर्मतसम्भार सम्बन्धी सम्झौतामा हस्ताक्षर गरे ।

नोभो एयर बंगलादेशको निजी क्षेत्रबाट सञ्चालित वायुसेवा कम्पनी हो । यसले आन्तरिकका साथै म्यानमारको यंगुन पनि उडान भरिरहेको छ । यससँग तीनवटा ईआरजे-१४५ र हालै तीनवटा एटीआर-७२-५०० जहाज सञ्चालनमा छ । यसले निकट भविष्यमै थप दुईवटा एटीआर-७२-५०० जहाज भित्र्याउन लागेको छ ।

सम्झौतापत्र अनुसार बुध्द एयरले नोभो एयरको एटीआर-७२-५०० जहाजको सम्पूर्ण मर्मतसम्भार गर्नेछ । यसका लागि बुध्द एयरका दुईजना इन्जिनियर बंगलादेशमै खटिनेछन् । ठूल्ठूला मर्मतसम्भार गर्नुपरे जहाज नेपाल ल्याइनेछ । नोभो एयरले विमान उडानका लागि बुध्द एयरका क्याप्टेन तथा सहचालकहरुको सेवासम्बन्धी समझदारीमा पनि हस्ताक्षर गर्ने भएको छ । बुध्द एयरले यसका लागि हरेक तीन-तीन महिनामा २ क्याप्टेन तथा २ सहचालकको टिम पठाउनेछ ।

नोभोका जहाज मर्मतसम्भार गर्न बंगलादेशको उड्डयन प्राधिकरणले बुध्द एयरलाई मान्यता दिइसकेको छ । सम्झौतापछि अब जहाज मर्मतसम्भारबाट पनि नेपालमा विदेशीमुद्रा भित्रिने र नेपाली जनशक्तिले थप रोजगारीको अवसर पाउने विश्वास बुध्द एयरका प्रबन्ध निर्देशक वीरेन्द्रबहादुर बस्नेतले व्यक्त गरे । निर्देशक बस्नतेले भने, 'यस्तो खालको सम्झौता सम्भवत: मुलुकको पहिलो नै हो । यसले जहाज मर्मतसम्भारबाट पनि विदेशी मुद्रा आर्जन गर्न सकिने र थप रोजगारी सिर्जना गर्ने बाटो पहिल्याएको छ ।' निजी क्षेत्रको माध्यमबाट अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार गरी राष्ट्रिय अर्थतन्त्रलाई समेत सेवा पुऱ्याउने अवसर पाउनु निर्देशक बस्नेतले राष्ट्रिय गौरवकै विषय भएको बताए ।

निर्देशक बस्नेतले दुई देशका दुई विमान सेवाबीचको यस्तो सम्बन्ध विस्तार गर्न पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र नेपाल नागरिक उड्डयन प्राधिकरणको अत्यन्तै हौसलापूर्ण सहयोग रहेको पनि सुनाए ।

यसैगरी नोभो एयरका प्रबन्ध निर्देशक रहमानले सम्झौताबाट हवाई सेवालाई सुरक्षित बनाउनुका साथै दुई देशबीचको सम्बन्धलाई थप बलियो बनाउने आशा व्यक्त गरे ।

बुध्द एयरको ह्याङ्गर अन्तर्राष्ट्रिय वित्तीय संस्था आईएफसी-विश्व बैंकको ऋण सहयोगमा निर्माण गरिएको हो । ह्याङ्गरभित्र एकैसाथ एटीआर-७२ एउटा र अन्य दुई साना जहाजको मर्मतसम्भार गर्न सकिन्छ । बुध्द एयरले जहाज मर्मतसम्भार गर्ने इन्जिनियरहरुलाई आवश्यकता अनुसार तालिमका लागि बैंकक, सिंगापुर, युरोप, अमेरिका लगायत मुलुक पठाउने गरेको छ । ◆




नोभो एयरका प्रबन्ध निर्देशक मोफिजुर रहमान (बायाँ) र बुध्द एयरका प्रबन्ध निर्देशक वीरेन्द्रबहादुर बस्नेतले मर्मतसम्भार सम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर गर्दै ।

> सम्झौताबाट हवाई सेवालाई सुरक्षित बनाउनुका साथै दुई देशबीचको सम्बन्धलाई थप बलियो ।
>
> ■ **मोफिजुर रहमान**
> प्रबन्ध निर्देशक, नोभो एयर

> अब जहाज मर्मतसम्भारबाट पनि नेपालमा विदेशीमुद्रा भित्रिने बाटो खुल्ला ।
>
> ■ **वीरेन्द्रबहादुर बस्नेत**
> प्रबन्ध निर्देशक, बुध्द एयर



सम्झौतापत्र साटासाट गर्दै नोभो एयरका प्रबन्ध निर्देशक मोफिजुर रहमान र बुध्द एयरका प्रबन्ध निर्देशक वीरेन्द्रबहादुर बस्नेत ।

advertorial

**राजधानी न्युज पब्लिकेसन प्रालिद्वारा** प्रकाशित तथा मुद्रित, राजधानी भवन, कुपण्डोल, पो.ब.नं. २०५०३ काठमाडौं, फोन : ५५४६३००/५५४१०३०/४०, फ्याक्स : ९७७-१-५०११५९४, प्रमुख कार्यकारी अधिकृत : **आषिश शेरचन**, सम्पादक : **राजन शर्मा**